डिसेम्बर ५, २०२३

अभिवादन!

ओहायोको जाडो मौसम कुनै पनि समयमा देखा पर्न सक्छ र हाम्रो विद्यालयको दिनमा अवरोध ल्याउन सक्छ।

स्कूल कहिले रद्द गर्ने वा ढिलाइ गर्ने भनेर निर्धारण गर्न कुन प्रक्रिया प्रयोग गरिन्छ भन्ने बारे महत्त्वपूर्ण जानकारीका साथै हामीले परिवारहरूलाई स्कूल बन्द हुने बारे जानकारी गराउने धेरै तरिकाहरू यहाँ रहेको छ।

रेनल्ड्सबर्ग सिटी स्कूल कहिले बन्द गर्ने भनेर कसले निर्णय गर्छ?

खराब मौसम वा अन्य अर्के आपतकालीन घटनामा विद्यालय बन्द गर्नु पर्छ कि पर्दैन भनेर निर्धारण गर्न सुपरिटेन्डेन्टले यातायात र भवन सम्बर्धन टोलीहरूसँग परामर्श गर्नुहुने छ। दिनभर बन्द हुनुको मतलब त्यो दिन कुनै पनि शैक्षिक निर्देशन हुनेछैन।

मौसम अवस्था अनुगमन:

हाम्रो यातायात र भवन सम्बर्धन टोलीले मौसम पूर्वानुमान, निगरानी, र सडक अवस्था जाँच गर्नुहुने छ।  बिहानको यात्राको सुरक्षाको मूल्याङ्कन गर्दा, हाम्रो ध्यान विद्यार्थीहरूलाई सुरक्षित रूपमा विद्यालयमा पुऱ्याउनमा केन्द्रित रहन्छ। तापक्रम र हावाको चिसोपनले हिँड्न वा स्कूल बस स्टपहरूमा पर्खिरहेका बच्चाहरूको लागि फ्रस्ट-बाइटको जोखिम निम्त्याउन सक्छ वा सक्दैन; के स्कूल बस चालकहरूले उचित कर्षण र दृश्यताका साथ मार्गहरू सुरक्षित बस चलाउन सक्छन् वा सक्दैनन् र समुदायीक फुटपाथहरू हिउँ वा जमेको हिउँले ढाकिएकाले विद्यालयमा हिँडेर जाने विद्यार्थीहरूलाई खतरा निम्त्याउन सक्छ वा सक्दैन  जस्ता धेरै कारकहरूलाई ध्यानमा राखिएको हुन्छ।

सूचना प्रक्रिया

हामीलाई थाहा छ, अप्रत्याशित रुपामा समयतालिका परिवर्तन गर्नाले परिवारहरूमा थप तनाव उत्पन्न गर्न सक्छ, त्यसैले हामी अभिभावकहरूलाई घरमा बस्ने बाल-बच्चाको व्यवस्था गर्न सकेसम्म चाँडो निर्णय गर्छौं।

सम्भव भएसम्म, विद्यालय बन्द गर्ने वा ढिलाइ गर्ने निर्णय अघिल्लो साँझ गरिनेछ। विभिन्न कारकहरूको आधारमा घोषणाहरू ढिलोमा बिहान 6 बजेसम्ममा गर्न सकिन्छ। हामी स्थानीय टेलिभिजन र रेडियो स्टेशनहरूलाई सूचित गर्छौं, सामाजिक सञ्जालमा पोस्ट गर्छौं, र परिवारहरूलाई इमेल, फोनमा सुचना र फोन कलहरू पठाउँने छौं। यदि तपाइले हाम्रो सिस्टममा तपाइको सम्पर्क जानकारी अपडेट गर्न आवश्यक छ भने कृपया तपाइको विद्यालयको सचिवलाई जानकारी दिनुहोस्, ताकी तपाइ सूचनाहरू प्राप्त गर्न निश्चित हुनुहुनेछ।

जब रेनल्ड्सबर्ग सिटी स्कूलहरू बन्द हुन्छन्:

प्रिस्कूल रद्द गरिने छ।

इस्टल्याण्ड-फेयरफिल्ड क्यारियर सेन्टरका लागी यातायात प्रदान गरिने छैन

प्राथमिक र माध्यमिक विद्यालय भवनहरूमा साँझका सबै गतिविधिहरू रद्द गरिने छन्।

हाई स्कूलका साँझका गतिविधिहरू दिनभरको मौसमका आधारमा हुन सक्छन्। त्यस्ता घक्रियाकलापहरूको बारेमा सञ्चार प्रशिक्षक वा सल्लाहकारहरूद्वारा गरिनेछ।

विद्यालय भवन वा सुविधाहरू (जस्तै, पार्क र मनोरञ्जन, स्काउट्स, आदि) प्रयोग गर्ने निर्धारित सामुदायिक समूहहरूको कार्यक्रमहरू रद्द हुने छन्।

विपत्तिका दिनहरू:

ओहायो राज्यले प्रत्येक विद्यालय वर्षमा पठन-पाठनका लागि न्यूनतम (समय)घण्टाको आवश्यकता गरेको छ। यदि हामीले राज्यको न्यूनतम समय आवश्यकताहरू भन्दा बढी विपद्का दिनहरूको कारणले विद्यालय समय छुटायौं भने, हामीले न्यूनतम समयको (घण्टा) आवश्यकताहरू पूरा गर्न थप निर्देशनात्मक घण्टाहरू पुरा गर्नु पर्ने हुन्छ।

यदि तपाइँसँग थप प्रश्नहरू भएमा, कृपया तपाइको बच्चाको विद्यालय प्रिन्सिपललाई सम्पर्क गर्नुहोस्।

भवदीय,

डा. ट्रेसी आर रीड

सुपरिटेन्डेन्ट